**आकाशवाणी समाचार: खरसाङ**

मिति १७ डिसेम्बर २०२४

समय: ७:२५ - ७:३५ बजे (अवधि १० मिनट)

मुख्य समाचार

- एक राष्ट्र एक चुनाव विधेयकसित संबंधित दुई विधेयक आज लोकसभामा प्रस्तुत गरिनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदी ले आज राजस्थान सरकारको एक वर्ष पूरा भएको उपलक्ष्यमा जयपुरमा आयोजित कार्यक्रममा भाग लिनुहुनेछ ।
- राष्ट्रपति मुर्मूले श्रीलङ्का भारतको छिमेकी प्रथम र सागर दृष्टिकोणको महत्वपूर्ण हिस्सा भएको बताउनुभएको छ ।
- सरकारले ई-NWR आधारित प्रतिज्ञा वित्तपोषणको लागि 'क्रेडिट ग्यारेन्टी योजना' शुरु गरेको छ।
- महिला क्रिकेटमा भारत र वेष्ट इन्डिजबीचको दोस्रो ट्वान्टी–२० अन्तर्राष्ट्रिय क्रिकेट म्याच आज साँझ नवी मुम्बईको डीवाई पाटिल स्टेडियममा हुनेछ ।

एक राष्ट्र, एक चुनाव

एक राष्ट्र एक चुनाव विधेयकसित संबंधित दुई विधेयक आज लोकसभामा प्रस्तुत गरिनेछ। केन्द्रीय कानून तथा न्यायमन्त्री अर्जुनराम मेघवालले संविधान (१२९ औँ संशोधन) विधेयक र केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयक सदनमा प्रस्तुत गर्नुहुनेछ । दुवै विधेयक सदनको कार्यवाहीमा सूचीकृत भएका छन् । सरकारले हालै देशमा एक राष्ट्र, एक चुनाउको विषयमा अध्ययन गर्न गठित उच्चस्तरीय समितिको सुझावलाई स्वीकार गरेको छ । पूर्व राष्ट्रपति रामनाथ कोविन्दको अध्यक्षतामा गठित समितिले राजनीतिक दल र विशेषज्ञहरु लगायत हिताधारकहरु सँग व्यापक बिचार विमर्श गरेको छ । यो कानुन बनेपछि दुई चरणमा लागू हुनेछ । पहिलो चरणमा लोकसभा र विधानसभाको चुनाउ एकसाथ हुनेछ र पंचायत जस्ता स्थानीय निकायको चुनाव आम चुनाउ भएको एक सय दिनभित्र हुनेछ । यसैबीच भाजपाले आफ्ना सबै लोकसभा सांसदहरु लाई तीन लाइनको ह्वीप जारी गर्दै सदनमा उपस्थित हुन आग्रह गरेको छ ।

प्रधानमंत्री नरेंद्र मोदी -जयपुर भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी ले आज राजस्थान सरकारको एक वर्ष पूरा भएको उपलक्ष्यमा आज जयपुरमा आयोजित कार्यक्रममा भाग लिनुहुनेछ । यस अवसरमा उहाँले ऊर्जा, सडक, रेलमार्ग र खानेपानीसँग सम्बन्धित ४६ हजार ३०० करोड रुपियाँ लागतको २४ परियोजनाहरुको उद्घाटन र शिलान्यास गर्नुहुनेछ । प्रधानमन्त्री श्री मोदीले त्यहाँ विशाल जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ । यस कार्यक्रममा राजस्थान साथै मध्य प्रदेशका मुख्यमन्त्री र धेरै केन्द्रीय मन्त्रीहरू पनि उपस्थित हुनेछन्।

राष्ट्रपति द्रौपदी मुर्मु -श्रीलंका राष्ट्रपति रात्रिभोज

राष्ट्रपति द्रौपदी मुर्मूले हिज श्रीलङ्काका रास्ट्रपति अनुरकुमार दिसानायकाको सम्मानमा राष्ट्रपति भवनमा रात्रिभोजको आयोजना गर्नुभयो । राष्ट्रपति भवनमा श्री दिसानायका र उहाँका प्रतिनिधिमण्डललाई स्वागत गर्नुहुदै राष्ट्रपति मुर्मुले

श्रीलङ्कामा हालै सम्पन्न चुनाउमा विजयी भएकोमा  बधाई दिनुभयो । राष्ट्रपति मुर्मूले श्रीलङ्का भारतको छिमेकी  प्रथम र सागर दृष्टिकोणको महत्वपूर्ण हिस्सा भएको बताउनुभएको छ  । राष्ट्रपति मुर्मुले  श्रीलङ्काको सतत  आर्थिक विकासका लागि आफ्नो सरकारको प्रयासलाई भारतले निकट र विश्वासिलो साझेदारका रूपमा निरन्तर सहयोग गर्ने बताउनुभएकोछ  । उहाले भन्नुभएको छ - भारतले श्रीलङ्कालाई आफ्नो प्राथमिकता र आवश्यकता अनुसार विकास सहायताको विस्तृत श्रृंखला विस्तार गरेको छ l राष्ट्रपति मुर्मुले भारतको निवेशमा आधारित वृद्धिले श्रीलङ्कामा आर्थिक सुधार र स्थायित्व ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ  । उहाँले दुई देशका जनताबीचको ऐतिहासिक सम्बन्ध द्विपक्षीय सहयोगको आधारभूत र महत्वपूर्ण खम्बा भएको बताउनुभएको छ  । दुवै नेताले भ्रमणले द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै शान्ति र समृद्धिलाई गति प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ  ।

भारत श्रीलंका

भारत र श्रीलंकाले आयकरको सन्दर्भमा वित्तीय र दोहोरो कर चोरी   रोक्न दुई देशहरू बीचको प्रोटोकलमा संशोधन गर्ने सम्झौताहरू आदानप्रदान गरेको छ  l दुवै पक्षले श्रीलङ्काका लोकसेवकहरूको तालिम र क्षमता अभिवृद्धिसम्बन्धी सम्झौता पत्रहरू पनि आदानप्रदान गरेका छन्।  प्रधानमन्त्री नरेन्द्र मोदी र श्रीलङ्काका राष्ट्रपति अनुर कुमार दिसानायकेबीच नयाँ दिल्लीमा भएको द्विपक्षीय वार्तापछि यी सम्झौताहरू आदानप्रदान भएका हुन् ।  दुई नेताबीच आपसी हितका विषयमा बिचार - बिमर्श भएको छ ।प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपतिका रूपमा श्री दिसानायकाले आफ्नो पहिलो विदेश भ्रमणका लागि भारत रोजेकोमा खुशी व्यक्त  गर्नुभएको छ ।  उहाँले  भारत र श्रीलंकाका जनताबीच सभ्यताको सम्बन्ध रहेको बताउनु भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदी ले माछा मार्नेहरुको जीविकोपार्जनका विषयमा पनि चर्चा  भएको बताउनु भएको छ  ।

Byte

श्रीलंका राष्ट्रपति – भारत

श्रीलङ्काबाट भारतको हितमा कुनै पनि हालतमा ठेस पुग्ने अवस्था आउन नदिने आफुले भारतका प्रधानमन्त्रीलाई आश्वस्त पारेको श्रीलंकाका राष्ट्रपति  अनुर कुमार  डिसानायकाले बताउनु भएको छ  ।  उहाँले  भारतसँगको सहयोग अवश्य बढ्दै जाने बताउनु भएको छ।श्रीलङ्काले दुई वर्षअघि अभूतपूर्व आर्थिक सङ्कटको सामना गरेको र त्यस दलदलबाट बाहिर आउन भारतले धेरै सहयोग गरेको श्री दिसानयकेले  बताउनु भएको छ  ।

Byte

राज्यसभा -सत्र

भारतको संविधानको ७५ वर्षको गौरवशाली यात्राबारे राज्यसभामा आज विशेष  चर्चा शुरु  हुनेछ  । प्रधानमन्त्री नरेन्द्र मोदीले माथिल्लो सदनमा भएको बहसको जवाफ दिने कार्यक्रम रहेको छ । माथिल्लो सदनमा हिज देखि दुई दिवशीय  विशेष बहस शुरु भएको छ ।

गृह मंत्री -अमित शाह -बामपन्थी

केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा छत्तीसगढमा वामपन्थी उग्रवादको स्थितिको समीक्षा गर्न रायपुरमा समीक्षा बैठक सम्पन्न भएको  छ । बैठकमा गृहमन्त्री श्री शाह ले सन् २०२६ को मार्च सम्ममा वामपन्थी उग्रवादलाई पूर्णरुपमा उन्मूलन गर्न संयुक्त प्रयास गर्न सबै सेना र निकायलाई निर्देशन दिनुभएको छ  । उहाँले भन्नुभएको छ  मार्च २०२६ भन्दा पहिले नक्सलवादलाई निर्मूल गर्न र राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले यस प्रयासमा धेरै महत्त्वपूर्ण भूमिका खेल्नेछ।

राष्ट्रीय सुरक्षा सलाहकार - भारत-चीन सीमा

राष्ट्रिय सुरक्षा सल्लाहकार तथा भारत–चीन सीमा मामिलामा भारतका विशेष प्रतिनिधि अजित डोभाल आफ्ना चिनियाँ समकक्ष तथा चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा चिनियाँ विदेशमन्त्री वाङ यीसँग बुधबार बेइजिङमा हुने विशेष प्रतिनिधिहरूको २३ औँ बैठकमा भाग लिनुहुनेछ । विदेश मन्त्रालयले यसै वर्षको २३ अक्टोबर मा कजानमा भएको दुई नेताको भेटमा उक्त सहमति भएको जनाएको छ । दुवै विशेष प्रतिनिधिले सीमा क्षेत्रमा शान्ति र सौहार्दको प्रबन्धन बारे चर्चा गर्नुका साथै सीमा समस्याको निष्पक्ष, उचित र पारस्परिक स्वीकार्य समाधान खोज्नेछन् ।

सरकारले ई-NWR

सरकारले ई-NWR आधारित प्रतिज्ञा वित्तपोषणको लागि 'क्रेडिट ग्यारेन्टी योजना' शुरु गरेको छ। यो योजना अन्तर्गत अब कृषकहरुले आफ्नो उत्पादनबाट ऋण लिन सक्नेछन् । गोदाम विकास तथा नियमन प्राधिकरणमा दर्ता भएका गोदामहरूमा कृषकहरूले आफ्नो उत्पादन जम्मा गरेपछि, एक इलेक्ट्रोनिक कुराकानीयोग्य गोदाम रसिद जारी गरिनेछ। यो रसिद बैंक र अन्य ऋण संस्थाहरूबाट कम ब्याज दर ऋण प्राप्त गर्न पूर्वनिर्धारित विरुद्ध ग्यारेन्टीको रूपमा प्रयोग गर्न सकिन्छ।

खाद्य एवं उपभोक्ता मामले मंत्री -कृषक

खाद्य तथा उपभोक्ता मामिलामन्त्री प्रल्हाद जोशीले वैश्विक मूल्य वृद्धि भए पनि सरकारले कृषकहरुलाई सबैभन्दा कम मूल्यमा युरिया उपलब्ध गराइरहेको बताउनु भएको छ। हिज नयाँ दिल्लीमा इलेक्ट्रोनिक नेगोशिएबल वेयरहाउस रिसिप्ट (ई-एनडब्ल्यूआर) आधारित मोर्टगेज फाइनान्सिङका लागि क्रेडिट ग्यारेन्टी स्किमको शुभारम्भ समारोहमा उहाँले यस आशयको जानकारी दिनुभएको हो । समस्यामा परेका कृषकहरुले बिक्री गर्ने वस्तुको संख्या घटाउने उद्देश्यले यो योजना ल्याइएको जोशीले बताउनु भएको छ ।

दिल्ली -वायु गुणवत्ता प्रबंधन आयोग

वायु प्रदूषणमा तीव्र वृद्धि पछि वायु गुणस्तर प्रबन्धन आयोग (सी.ए.क्यू.एम.) ले दिल्ली-एनसीआर क्षेत्रमा ग्रेडेड रेस्पोन्स एक्शन प्लानको चौथो चरण लागू गरेको छ, जसमा हिज राती दस बजे वायु को गुणवत्ता सूचकांक ले ४००-अंक पार गरेको थियो । आयोगले आपतकालीन रुपमा बोलाएको उपसमितिको बैठकमा स्थितिको समीक्षा गर्दै यस्तो निर्णय गरेको हो । आयोगले हावाको गति सुस्त भएका कारण वायुको गुणस्तर खराब बन्दै गएको जनाएको छ ।

महिला क्रिकेट

महिला क्रिकेटमा भारत र वेष्ट इन्डिजबीचको दोस्रो ट्वान्टी–२० अन्तर्राष्ट्रिय क्रिकेट आज साँझ नवी मुम्बईको डीवाई पाटिल स्टेडियममा हुनेछ । म्याच भारतीय समय अनुसार साँझ ७ बजे शुरु हुनेछ । आइतबार भएको पहिलो खेलमा भारतले भ्रमणकारी टोलीलाई ४९ रनले पराजित गरेको थियो । वेस्ट इन्डिजको महिला क्रिकेट टोलीले हाल भारत भ्रमण गरिरहेको छ, जहाँ टोलीले तीन टी-२० अन्तर्राष्ट्रिय र तीन एक दिवसीय अन्तर्राष्ट्रिय म्याच खेल्नेछ। टी–२० को अन्तिम म्याच बिहीबार हुनेछ भने एकदिवसीय सिरिज २२, २४ र २७ दिसम्बरमा हुनेछ ।